हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
२०७३

आज मिति २०७९।०६।२५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँ कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो ।

तपशिलः

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र बहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| श्री मुकुन्द राज पौडेल | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| अन्य उपस्थिति | | |
| श्री बिदुर सिग्देल | अधिकृत छैठौं | |
| श्री गोलबहादुर थापा | ना०सु० (सहायक पाँचौं) | |
| श्री लालचन गैह्रे | लेखापाल | |

प्रस्तावहरु

१.प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्बन्धमा ।

२.वडा सचिव व्यवस्थापन सम्बन्धमा ।

३.तिज गित प्रतियोगिताको रकम भुक्तानी सम्बन्धमा ।

४.वडा १,३,४,७ को कार्यालयमा बिधुतको वाईरिंगको रकम भुक्तानी सम्बन्धमा ।

५.एम्बुलेन्सको मर्मत रकम भुक्तानी सम्बन्धमा ।

६.बिबिध सम्बन्धमा ।

निर्णय नं.१ प्रस्ताव नं.१ माथी छफफल गर्दा यस गाउँ पालिकाको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस कार्यालको लागि प्रमुख प्रशासकीय अधिकृतको रुपमा जिम्मेवारी समाल्ने गरि आउनु भएका श्री मुकुन्द राज पौडेललाई कार्यपालिकाको तर्फबाट स्वागत साथै सफल कार्यकालको शुभकामना दिने निर्णय गरियो ।

निर्णय २.प्रस्ताव नं २ माथी छलफल गर्दा वडा २ मा वडा सचिव रिक्त रहेको हुदा वडा ३ को सचिवलाई अर्को व्यवस्थापन नभइन्जेल सम्म थप जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय ३ प्रस्ताव नं ३ माथी छलफल गर्दा २०७९ को तिजको अवसरमा हरिनास गाउँपालिकाको १-७ वटै वडामा आयोजना गरिएको कार्यक्रमको रकम सम्बन्धित वडाबाट माग भइ आएमा निर्णय बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय ४ प्रस्ताव नं.४ माथी छलफल गर्दा वडा १,३,४ र ७ नं वडाको नव निर्मित भवनमा ल.ई तयार गर्दा विधुतीकरणको भाग छुट हुन् गएको र उक्त कार्य अत्यावशक भएको हुदा बिधुतिकरणको कार्य वडा कार्यालय मार्फत सम्पन्न गरि भुक्तानी माग हुन आएमा चालु कार्यालय मर्मत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय ५ प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत मग्याम चिसापानी स्वास्थ्य चौकीको नाममा रही संचालनमा आएको एम्बुलेन्समा समस्या उत्पन्न हुन् गइ बृहत मर्मत सम्भार गर्नु परेको हुदा उक्त कार्य गर्दा लागेको रकम रु १४००००| एक लाख चालिस हजारको दायराभित्र रही मेशिनरी तथा औजार मर्मत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय ६ बिबिध प्रस्ताव उपर छलफल गर्दा यस आगाडी कार्यापलिका बैठकबाट वडा को व्यवस्थापनमा सम्बन्धित वडामा तरकारीको बिउ बिजन वितरणको लागी रकम बिनियोजन गरिएकोमा सम्बन्धीत वडाबाट भुक्तानीको लागि माग भइ आएमा निर्णय बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।